स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म क्षेत्रमा कलाकारको 'लभ लाइफ'को चर्चा बढी हुने गर्छ । त्यसमाथि अभिनेता आकाश श्रेष्ठको त अलि बढी नै हुन्छ । यतिबेला आकाशको नाम अभिनेत्री तथा मोडल करुणा श्रेष्ठसँग जोडिँदै आएको अवस्था छ । उनीहरुले एकसाथ म्यूजिक भिडियोमा निरन्तर सहकार्य गरिरहनुले पनि प्रेम सम्बन्धको चर्चामा ठूलो बल मिलेको छ । बुधबार करुणाको जन्मदिनको अवसरमा आकाशले सामाजिक सञ्जालमा व्यक्त गरेका शब्दले पनि उनीहरुबीच गहिरो प्रेम रहेको संकेत गर्छ ।

आजको विचार...



बन्दीगृहबाट...

(दुई पेजमा)

कुलचन्द्र वाग्ले



फिल्ममा एक्सन भूमिका कलाकारका लागि निकै कठिनपूर्ण मानिन्छ । यसका लागि मानसिक र शारीरिक दुवै रुपमा फिट हुनुपर्छ । जिम्नास्टिकदेखि कराँतेसम्म आफूलाई निपूर्ण बनाउनुपर्ने हुन्छ । यो आफैंमा दुःख र मिहिनेतको काम हो । अभिनेत्री आँचल शर्मालाई भने एक्सन फिल्ममा रुचि छ । तर, त्यो साकार हुन पाएको छैन । यद्यपि, उनले एक वर्षदेखि एक्सनको तालिम लिँदै आएकी छन् । उनले इन्टाग्राममा एउटा भिडियो राखेकी छन्, जहाँ उनी छरितो एक्सन गर्दै देखिएका छन् ।

❒ वर्ष २९ ❒ अंक ६१ ❒ २०८० भदौ ३० गते शनिबार 16 September 2023, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### बाढीमा ११ हजार ३ सयको मृत्यु

**(रासस एपी)**

**त्रिपोली,** भदौ २९/लिबियामा ड्यानियल आँधीसँगै परेको मुसलधारे वर्षाले भीषण बाढी निम्त्याउँदा ज्यान गुमाउनेको संख्या एघार हजार तीन सय पुगेको छ । पूर्वी शहर डेर्नामा यति धेरैले ज्यान गुमाएका लिबियाली रेडक्रसका एक अधिकारीले बताएका छन् । डेर्नामा मात्र अझै दश हजार एक सय जना हराइरहेका छन् भने देशका अन्य भागबाट दशौं हजार वेपत्ता भएका तथा ५० हजारभन्दा बढी विस्थापित भएका छन् । गत आइतबार दिउँसो आँधी आएसँगै मुसलधारे वर्षा हुँदा दुईवटा नदीमा बाँधिएका दुई वटा बाँध भत्केपछि बाढीले गाउँ-शहरका भवन र तिनमा बसेका सबैलाई बगाएको थियो । बाढीको विनाशबाहेक डेर्नामा केही देखिदैन । बाढीबाट सर्वाधिक प्रभावित पूर्वी शहर डेर्नामा कम्तीमा ३० हजार लिबियाली घरबारविहीन भएका आप्रवासनसम्बन्धी अन्तर्राष्ट्रिय संगठन (आईओएम)ले जनाएको छ । नब्बे हजार जनसंख्या भएको डेर्नामा अहिले जताततै शवमात्र छरिएका र उद्धारकर्ता एवं सामाजिक संघसंस्थालाई शव व्यवस्थापन ज्यादै चुनौतीपूर्ण बनेको छ ।

# लुम्बिनी प्रदेश मन्त्रालय बढाउने दाउमा

## संख्या नबढाउन गठबन्धन दलको अडान

**हाम्रा संवददाता**

**पाल्पा,** भदौ २९/ लुम्बिनी प्रदेश सरकारमा पावर सेयरिङमा कुरा नमिल्दा मन्त्रिपरिषद्ले पूर्णता पाउन सकस भएको छ । ८ दलको समर्थनमा नेपाली काँग्रेस संसदीय दलका नेता डिल्लीबहादुर चौधरीको नेतृत्वमा सरकार रहे पनि मन्त्रीहरूको शक्ति बाँडफाँटमा कुरा नमिल्दा ढिलाइ भएको हो ।

अहिले प्रदेश सरकार मन्त्रिमण्डललाई पूर्णता दिन मन्त्रालय बढाउने दाउमा रहेको छ । मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले सबैलाई भागबण्डा मिलाउने नाममा मन्त्रालय संख्या बढाउने तयारी गरिरहेको स्रोतले जनाएको छ । उनकै पार्टी नेपाली काँग्रेस प्रदेश नेतृत्व सहित सत्तारुढ गठबन्धन दलका नेताहरू भने मन्त्रालय नबढाउने अडान छन् । जसरी भए पनि मन्त्रालय बढाएर सरकारलाई पूर्णता दिने मनसायमा मुख्यमन्त्री चौधरी छन् भने कुनै पनि हालतमा मन्त्रालय बढ्न नदिनेमा काँग्रेससहितका गठबन्धन दलका केही नेताहरु देखिन्छन् । दाङको पाखापानीमा सम्पन्न काँग्रेसको बैंठमा गठबन्धनका अधिकांश दलका नेताले हाल कायम रहेकै मन्त्रालयमा सरकार विस्तार गर्नुपर्ने सुझाव दिएका छन् । काँग्रेस लुम्बिनी प्रदेश सभापति अमरसिंह पुनले आफ्नो पार्टीको बैठकअघि गठबन्धनका नेताहरूसँग पनि संयुक्त बैठक बसेको र माओवादीबाहेक अरु सबै दलका नेताले मन्त्रालयका संख्या नबढाउन सुझाव दिएको बताए । अहिले लुम्बिनीमा काँग्रेस नेतृत्वको गठबन्धन सरकार छ । 'माओवादी बाहेक गठबन्धनका सबै साथीहरूले मन्त्रालयको संख्या बढाएर सरकार विस्तार गर्दा जनतामा नकारात्मक सन्देश जान्छ भन्ने राय सुझाव दिए' सभापति पुनले भने ।




मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसहित १० वटा मन्त्रालय रहेको लुम्बिनी प्रदेशमा तीनवटा मन्त्रालय मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले आफैं सम्हालिरहेका छन् । खानेपानी, ग्रामीण तथा सहकारी विकास मन्त्रालय, वन तथा वातावरण मन्त्रालय र उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय मुख्यमन्त्री चौधरीकै जिम्मामा छ । साना दल जसपा, लोसपा, जनमत र नागरिक उन्मुक्ति पार्टीले एक-एकवटा मन्त्रालय लिएका छन् । अहिले काँग्रेसबाट मुख्यमन्त्री चौधरीसहित दुई र माओवादीबाट एक जना मन्त्री छन् । हाल कायम रहेका १० मन्त्रालय मध्य ७ मन्त्री नियुक्त भैसकेका छन् । अब तीन मन्त्री नियुक्त हुन बाँकी छन् । तर, माओवादीलाई भाग पुऱ्याउन भन्दै मुख्यमन्त्री चौधरीले दुई मन्त्रालय फोडेर थप दुई मन्त्रालय बढाउने अन्तिम तयारीमा छन् । स्रोतका अनुसार भौतिक पूर्वाधार तथा सिँचाई मन्त्रालय र पर्यटन वन तथा उद्योग मन्त्रालयलाई फोड्ने तयारीमा मुख्यमन्त्री छन् । भौतिक पूर्वाधार तथा सिँचाई मन्त्रालयलाई फोडेर सिँचाई मन्त्रालय छुट्टै कायम राख्ने र पर्यटन वन तथा उद्योग मन्त्रालयबाट अलग्याएर पर्यटन मन्त्रालय छुट्टै कायम राख्ने तयारीमा सरकार छ ।

# तानसेन खानेपानीको विशेष साधारण सभा आज

**पाल्पा,** भदौ २९/तानसेन खानेपानी उपभोक्ता तदर्थ समितिले शनिबार विशेष साधारण सभा गर्न लागेको छ । १९ असार २०८० मा मोहनप्रसाद श्रेष्ठको अध्यक्षतामा बनेको तदर्थ समितिले विशेष साधारण सभा गर्न लागेको हो ।

साधारण सभामा संशोधित विधान २०८० पेश गर्ने र हालसम्म भए गरेका गतिविधिका विषयमा जानकारी गराउने उद्देश्यले विशेष साधारण सभाको आयोजना गरिएको समितिका अध्यक्ष मोहनप्रसाद श्रेष्ठले बताए । समितिले शुक्रबार पत्रकार सम्मेलन गरी साधारण सभाको बारेमा जानकारी गराएको छ । आज विहान ११ बजे तानसेन नगरपालिकाको हलमा कार्यक्रम हुने अध्यक्ष श्रेष्ठले बताए । यस अघिको समितिले निर्वाचन पनि नगर्ने, समितिबाट पारित नियम पनि आफ्नै अनुकुलताको निर्माण गरेर अगाडि बढ्ने चेष्टा गरेपछि १३ असार २०८० को आम उपभोक्ताहरुको भेलाले विघटन गरी तानसेन नगर सरकारले यसको जिम्मा लिनुपर्ने निर्णय गरेको थियो । सो निर्णयको आधारमा नगरपालिकाकाले १९ असारमा श्रेष्ठको अध्यक्षतामा तदर्थ समिति निर्माण गरी यथासक्य छिटो निर्वाचन गर्ने जिम्मेवारी तोकेको थियो । तदर्थ समिति बनेसँगै



तानसेनमा खानेपानी सहज बन्दै गएको छ । समितिले खानेपानी वितरण प्रणालीलाई व्यवस्थित गर्न थालेसँगै तानसेनको खानेपानी वितरण सहज बन्दै गएको हो ।

सातदिनदेखि दश/पन्ध्र दिनमा आउने खानेपानी अहिले दुई/तीन दिन विराएर आउन थालेको समितिका अध्यक्ष श्रेष्ठले बताए । समितिले खानेपानीका मुहान व्यवस्थित गर्ने, टुटफुट भएका पाइपहरु मर्मत सम्भार गर्ने, विद्युत आपूर्तिका कारण देखिएको समस्या समाधान गर्ने, कर्मचारीहरुलाई वितरणमा सचेत गराउने जस्ता कामहरु गर्दै आएकाले खानेपानीमा केही सहज हुँदै गएको उनको भनाई छ । वितरण प्रणाली नै व्यवस्थित नहुँदा तानसेनवासीले वर्षौंदेखि खानेपानी समस्या झेल्दै आएका थिए । यस पटक तदर्थ समितिले भने अव्यवस्थित वितरण प्रणालीलाई व्यवस्थित बनाउने काममा सक्रिय भएर लागेको छ ।

# विदेशबाट फर्किएर व्यावसायिक बाख्रापालन

**गल्याङ (स्याङ्जा),** भदौ २९/ स्याङ्जाको वालिङ नगरपालिका-१४ यायडाँडाका खेमराज खनाल बाख्रा पालन व्यवसायमा रमाउन थालका छन् । सात वर्ष विदेश बसेर फर्किएका उनले चार वर्ष अघि गाउँमै खनाल बाख्रा तथा पशुपन्छी फार्म दर्ता गरेर व्यवसाय गरेका छन् ।

'विदेशमा नेपालीले कम्पनीमा जस्तोसुकै राम्रो काम गरे पनि पूरै कामदारले गाली खानुपरेको देख्दा अत्यन्त दुःख लाग्थ्यो, त्यो समय स्वदेश फर्केर केही गरौं भन्ने हुन्थ्यो', कृषक खनालले भने, 'मैले होटलमा काम गर्थें, कोरोनाका कारण होटल बन्दभएपछि कम्पनीले घर पठाइदियो, मलाई पनि के खोज्छस् आँखो भने जस्तै भयो ।' उनले विदेशबाट फर्केपछि पाँच माउँबाट व्यावसायिक बाख्रापालन सुरु गरेको बताए ।



'यता बाख्रापालन व्यवसाय चलिरहेको थियो, कोराना कहरको अन्तिमतिर कम्पनीले बोलायो', उनले थपे, 'भौतिक सुविधा मात्र ठूलो कुरा होइन, परिवारसँग रमाएर व्यवसायमा गर्नु पनि जीवन सुन्दर पक्ष हो भन्ने लागेर विदेश नगएर आफ्नो पेसालाई निरन्तरता दिएँ ।'

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## ओजोन तह बचाउ दिवसको सन्दर्भ

**आज १६ सेप्टेम्बर अर्थात् ओजोन तह संरक्षणका लागि अन्तर्राष्ट्रिय दिवस । विश्वभर बर्सेनि आजकै दिनलाई विश्व ओजोन तह बचाउ दिवस मनाइने गरिन्छ । यस दिन विश्वभरि विभिन्न कार्यक्रम गरेर मनाइन्छ । ग्लोबल वार्मिङका कारण पृथ्वीको तापमान बढ्दै गएकोमा विश्व समुदाय चिन्तित भइरहेकै बेला यो दिवस मनाईंदै छ । हरेक वर्ष दिवस मनाइए पनि ओजोन तह संरक्षणमा भने खासै ध्यान दिइएको पाइदैन । पृथ्वीमा कार्बनको मात्रा बढ्दै गएको छ भने ओजोनको तह पातलिँदै गएको छ । जसले गर्दा खतराको अवस्था सिर्जना हुने तर्फ वैज्ञानिकहरुले चिन्ता प्रकट गर्नुलाई अन्यथा लिनु हुँदैन । जलवायु परिवर्तनका कारण आज सिंगो पृथ्वी जुन अवस्थामा छ, अन्तिम समयसम्म पनि त्यस्तै नरहला भन्न सकिदैन । त्यसैले यसतर्फ समयमै सबैले सोच्नुपर्दछ । क्लोरोफ्लोरो कार्वन, मिथाइल, ब्रोमाइड, कार्वन टेट्रोक्लोराइड जस्ता क्लोरिन, ब्रोमिन तथा अक्साइड रेडिकल भएका झण्डै ९४ वटा रसायनहरु ओजोन तह विनाशका लागि जिम्मेवार छन् । यसबाट ओजोन तहको विनाश त हुन्छ नै त्यसभन्दा बढी र ठूलो मूल्य पृथ्वीले चुकाइरहनुपरेको छ । जसले, गर्दा त्यसको असर मानवजातिमा मात्र होइन पारिस्थितिक प्रणालीमा नै परेको छ ।**

**ओजोन तह संरक्षण गर्न सबैभन्दा प्रभावकारी उपाय यसबाट पर्ने नकारात्मक असरहरुको बारेमा विश्व समुदायमा चेतना जगाउनु नै हो । वातावरणीय प्रदुषण नियन्त्रणका लागि उद्योग तथा यातायात सञ्चालन र त्यसमा प्रयोग हुने प्रविधि सम्बन्धमा स्पष्ट कानुनी व्यवस्था हुनुपर्छ । सबैभन्दा महत्वपूर्ण कार्य त क्लोरोफ्लोरो कार्वन उत्पादन बन्द गर्नु अथवा यसको प्रयोग गर्न निरुत्साहित गर्नु नै उत्तम हुन्छ । ओजोन तह बचाउनका लागि अभियान नै चलाउन आवश्यक छ । त्यसैले यो विषयप्रति समयमै सचेत बन्दै भविष्यका लागि आशावादी चित्र निर्माण गर्ने दिशामा सबैले सोचौं । यसो हुन सक्यो भने मात्र दिवस मनाउनुले सार्थकता प्राप्त गर्न सक्छ ।**

## Opinion @ Social Network

शब्दमा तागत राख्नु आवाजमा होइन
किनकि, सधैं बिरुवा वर्षाले उमार्छ बाढीले होईन ।
*(विवेक बस्यालको फेसबुक स्टाटसबाट www.facebook.com//bashyal.kanxo)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# बन्दीगृहबाट बीपीको उन्मुक्त विश्व उडान



**कुलचन्द्र वाग्ले**

***अर्थसामाजिक विषयपछि बीपीका कृति वा साहित्य लेखनमा मधेस संस्कृतिको प्रतिच्छायाको चर्चा भयो । यो विषय प्रस्तुति मलाई निकै रोचक र घैँटाको बिर्को खोल्ने प्रकारको भयो । प्रस्तुतिसँगै प्राय: विषय मिल्दो चित्र कोर्न नजिकै क्यानभासमा कलाकार तल्लीन देखिन्थे । कला, संस्कृति र बीपी विचारको सम्मिलन कार्यक्रममा उहाँको मेलमिलाप नीतिको पनि विश्लेषण भएको हो । अत्यन्त गम्भीर जानकारी बीपीको अन्तर्राष्ट्रिय व्यक्तित्व र उहाँले विदेशी नीतिमा स्थापित गरेको मूल्य, मानकको प्रस्तुति पनि हो । विषय वक्ता पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराई, पूर्व परराष्ट्रमन्त्री द्वय प्रदीप ज्ञवाली र डा. नारायण खड्का । प्रारम्भमा नेपालको असंलग्न परराष्ट्र नीतिमा कुशल र दृढप्रयोग बीपी कोइरालाले मात्र गर्नुभएको निष्कर्ष कार्यक्रमबाट आएको थियो । सार्वभौम नेपालको असंलग्न नीतिको मानक बीपीले स्थापित गर्नुभएको व्याख्या त्यहाँ भयो ।***

बीपीको यो साता विशेष चर्चा भएको छ । खासगरी नेपाली कांग्रेसले बीपी जयन्तिका अवसरमा साहित्य उत्सव आयोजना गरेर यो चर्चालाई विगतभन्दा नयाँ शैली दिएको हो । तीन दिनको यस कार्यक्रममा बीपीको साहित्यिक र अन्य आयामिक योगदानको राम्रै चर्चा भयो । त्यही विस्तारमा त होइन तर प्रजातान्त्रिक विचार समाजले पनि बीपी जयन्तीलाई वैचारिकरूपले गम्भीर प्रस्तुति दिने जमर्को गर्यो । विचार समाजको विभिन्न जिल्ला शाखाले यस दिन बीपी विषयमा अध्ययन र जानकारी साटासाट गरे । समाजले आफ्नो विचारको संस्थापक बीपी कोइरालालाई मानेको छ । कांग्रेसले केन्द्रीय विषय साहित्यलाई बनाए पनि त्यहाँ बीपीको बहुआयामिक चिन्तन र व्यक्तित्वमाथि विचार विमर्श भएको पाइयो । बीपी किन बहुआयामिक भन्ने जिज्ञासालाई कार्यक्रमको विषयगत संयोजनले राम्रै जानकारी दिन खोजिएको देखियो । अघिल्लो दिन र अन्तिम दिनको कार्यक्रम छुट्यो । कारण अलि पछि ।

दोस्रो दिनको सत्रहरूमा जो अत्यन्त जानकारी दिने प्रकारका थिए, तिनमा भने समावेश भइयो । त्यसो त तीन दिनकै विषय हेर्दा उत्कृष्ट थिए । वक्ता पनि नाम चलेका अध्येता । ती त्यस्ता पात्र थिए जसले नेपालको वैचारिक उज्यालोलाई बचाइ राख्ने प्रयास निरन्तर गरेका छन् । त्यस्ता पात्र थिए त्यहाँ । उपस्थिति घुँइचो थियो । बीचबीचमा भएका सांस्कृतिक अर्थात् नाचगानको संयोजनले कार्यक्रम पट्यार लाग्दो भएन । त्यसमाथि विषयहरूको गाम्भीर्यले जिज्ञासुको ध्यान गहिरोसँग तानेको लाग्थ्यो । कार्यक्रम बीपी जन्मदिन भदौ २४ देखि तीन दिनको लागि तय गरिएको हो । बीचको दिन सहभागी हुँदा त्यहाँ बीपीको अर्थ सामाजिक, साहित्यमा मधेस संस्कृति, अन्तर्राष्ट्रिय व्यक्तित्व एवं कूटनीति र युवासम्बन्धी विषयमा प्रस्तुति समावेश पाइए । उल्लिखित विषयमा बीपीको दृष्टिकोण, विचार र प्रयोग आदि महत्त्वदायी भूमिकाप्रति चर्चा भएको थियो । त्यस्ता गम्भीर विषय प्रस्तुतिका सत्रहरूको समय छोटो थियो र पनि केही कुशल प्रस्तोताले त्यही समयमा पनि गहिरो अध्ययन प्रस्तुत गरे ।

अर्थसामाजिक विषयपछि बीपीका कृति वा साहित्य लेखनमा मधेस संस्कृतिको प्रतिच्छायाको चर्चा भयो । यो विषय प्रस्तुति मलाई निकै रोचक र घैँटाको बिर्को खोल्ने प्रकारको भयो । प्रस्तुतिसँगै प्राय: विषय मिल्दो चित्र कोर्न नजिकै क्यानभासमा कलाकार तल्लीन देखिन्थे । कला, संस्कृति र बीपी विचारको सम्मिलन कार्यक्रममा उहाँको मेलमिलाप नीतिको पनि विश्लेषण भएको हो । अत्यन्त गम्भीर जानकारी बीपीको अन्तर्राष्ट्रिय व्यक्तित्व र उहाँले विदेशी नीतिमा स्थापित गरेको मूल्य, मानकको प्रस्तुति पनि हो । विषय वक्ता पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराई, पूर्व परराष्ट्रमन्त्री द्वय प्रदीप ज्ञवाली र डा. नारायण खड्का । प्रारम्भमा नेपालको असंलग्न परराष्ट्र नीतिमा कुशल र दृढप्रयोग बीपी कोइरालाले मात्र गर्नुभएको निष्कर्ष कार्यक्रमबाट आएको थियो । सार्वभौम नेपालको असंलग्न नीतिको मानक बीपीले स्थापित गर्नुभएको व्याख्या त्यहाँ भयो । अठार महिनाजति प्रधानमन्त्री रहँदा बीपीले विदेश नीतिमा दिनुभएको छाप र लिनुभएका निर्णयको प्रस्तुतिले सार्वभौम नेपालको असंलग्न विदेश नीतिमा उहाँले स्थापित गर्नुभएको मानकको हिस्सा छर्लङ्ग बुझिएको छ । बीपी स्वयं भन्नुहुन्छ - प्रत्येक मानिस आयामिक हुन्छ । उहाँ मौरी र कमिलाको उदाहरण दिएर स्पष्ट गर्नुहुन्छ - यी प्राणी मानिसभन्दा पनि अघि थिए, भए होलान् । तर, किन अहिले पनि ती जीव त्यस्तै वा जस्ताको तस्तै छन् ? प्रश्न गर्नुहुन्छ । किनभने, ती जीवमा आयामिक सोच भएन, शैली छैन । ती जीवमा विद्रोही भाव पनि रहेन । त्यसैले ती त्यस्तै रहेजस्ता थिए । मानिस आयामिक हो र विद्रोही पनि । त्यसैले यतासम्म आइपुग्यो । भोला चटर्जीलाई दिनुभएको अन्तर्वार्तामा बीपीले यस्तै गहकिला विचार भन्नुभएको छ । बीपीले आफूलाई क्रान्तिकारी भन्नुभएजस्तो लाग्दैन । बरु विद्रोही भएको उद्घोष गर्नुभएको छ । रुढ मान्यतालाई भत्काउने विद्रोह जसले मानिसलाई प्रगतिशील बनाउँछ । विद्रोहले गतिशील बनाएको हो र मानिसले उन्नत चरणहरु पाएको बीपीको दृष्टि हो भन्ने लाग्छ । उहाँले आफ्नो जन्म नै विद्रोहको माध्यमले भएको बताउनु भएको छ । अर्थात्, आफू धर्तीमा आउँदा नै आमाको सर्जरी भएको कारणलाई उहाँले आफ्नो विद्रोहको पहिलो नमूना भन्न रुचाउनु भएको छ । कांग्रेस कार्यक्रमको अघिल्लो दिन प्रजातान्त्रिक विचार समाज स्वयंले बीपी विचारको विषयमा कार्यक्रम आयोजना गरेको थियो । देशभर एकहत्तर शाखा रहेको प्रजातान्त्रिक विचार समाजका विभिन्न शाखाले सूचित गरेअनुसार नै बीपी जयन्ती कार्यक्रम गरे । यही कारण बीपी साहित्य उत्सवको अघिल्लो अर्थात् उद्घाटनको दिन सहभागी हुने सम्भावना रहेन । केन्द्रको कार्यक्रम हुने कारण अघिल्लै दिन २३ गते तनहुँ र अन्य केही शाखाले पनि कार्यक्रम गरी बीपी जयन्तीलाई विचार दिवसको रुपमा मनाइयो । अन्तिम वा तेस्रो दिन संविधान सभा अध्यक्ष सुवास नेम्बाङको निधनको कारण नेपाली कांग्रेसले कार्यक्रम स्थगित गर्यो । कम्युनिस्ट नेता भए पनि नेम्बाङको व्यवहार बीपी विचारको अनुकूल थियो कि भन्ने लाग्छ मलाई । यसपटक प्रजातान्त्रिक विचार समाजले बीपी संग्रहालय, सुन्दरीजलमा बीपीको बहुआयामिक व्यक्तित्व र भूमिका माथि खुला छलफल चलायो । सहभागी वक्ताहरूले आ-आफ्नो बुझाइ, अध्ययन र जानकारीमा बीपीलाई उन्मुक्त प्रस्तुत गरे । बढी प्रस्तुति राजनीति र साहित्यमाथि भयो । परराष्ट्र नीति, आर्थिक सामाजिक पक्ष वा समाजवादको विषयमा पनि साथीहरूले बुझाइ राख्नुभयो । त्यहाँ अर्को गम्भीर निष्कर्ष साहित्यले संरक्षण होइन स्वतन्त्रता चाहन्छ भन्ने बीपीको भनाइप्रति आयो । थप पर्यावरण दृष्टिप्रति चर्चा भयो । संयोग, बीपीको शालिकमा निजी श्रद्धा अर्पण गर्न पुग्नुभएका नेपाली काँग्रेसका नेता तारिणीदत्त चटौतले हाम्रो कार्यक्रमलाई लामै समय दिनुभयो । हाम्रो आग्रह मान्नुभयो । सरल नेता चटौत साच्चै बीपीको अनुयायी लाग्नुहुन्छ । उहाँ सहधर्मिणी सरस्वती चटौतसँगै सहभागी भइदिनु भयो । त्यसो त त्यही कार्यक्रममा पूर्वसभामुख दमननाथ ढुंगाना र पूर्वनिर्वाचन आयुक्त डा.वीरेन्द्र मिश्रले पनि साक्षात्कार दिनुभयो । हामीलाई हौस्याउनु भयो । तर, उहाँ दुई अर्कै कार्यक्रमको अतिथि, वक्ता हुन आउनुभएको रहेछ । आफूलाई राजनीतिमा समाजवादी र साहित्यमा अराजकतावादी भन्ने बीपीले साहित्यलाई संरक्षण होइन, स्वतन्त्रता चाहिन्छ भन्नुको सन्देश स्तुति, प्रशस्ति र दलीय घेराभन्दा माथि वा साहित्य उन्मुक्त हुन्छ भन्ने शाश्वत मान्यता स्पष्ट गर्नुभएको हो । निष्कर्ष थियो । प्रगतिशील साहित्यको नाममा साहित्यलाई घेराबन्दी गर्ने अर्थात् मार्क्सवादी वा कम्युनिस्ट दृष्टिकोणमा घेराबन्दी गर्ने अप्रगतिशील रुढ मान्यता विरुद्ध हो बीपीको साहित्यिक स्वतन्त्रताको उद्घोष । यो विषय सुन्दरीजलमा प्रस्ट पारियो । त्यस्तै पर्यावरणीय पक्षलाई नेता चटौतले प्रवेश दिनुभयो । जतिबेला बीपीले चुनाव चिन्ह रुख तय गर्नुभयो त्यो अहिलेको पर्यावरणीय समस्याप्रतिको दूरगामी सोचको परिणाम थियो । उहाँको उद्‌बोधनले बहसलाई नयाँ आकार थप्यो-पर्यावरण । बीपी संग्रहालयको स्थापना, स्थापक विषयमा इतिवृत्त बताएर यसका अध्यक्ष परशुराम पोखरेलले हाम्रो जानकारीलाई थप भरिलो बनाउन योग दिनुभयो । लाग्छ, यस पटक बीपीप्रति देशमा गम्भीर प्रस्तुति दिने जमर्को गरियो । नेपाली कांग्रेसले त्यो अधुरो काममा कडी जोड्ने प्रशंसनीय प्रयत्न गरेको हो । अरू सञ्चारमाध्यम, विश्लेषक, विज्ञ र प्रजातान्त्रिक विचार समाजजस्ता वैचारिक संस्थाले बीपीप्रति न्याय गर्ने कोशिस गरे ।

त्यो ठाउँ, सुन्दरीजलमा रहेको सैनिक ब्यारेकलाई राजा महेन्द्रले बन्दीगृहमा प्रयोग गरे । प्रथम जननिर्वाचित संसद् र सरकार विघटन गरेर प्रधानमन्त्री, सभामुख र मन्त्रीलगायत दसजना लोकतान्त्रिक नेतालाई यहाँ थुनेका हुन् । महामना बीपी यहाँ आठ वर्ष निरन्तर बन्दी बनाइनु भयो । बीपी र नेताहरू बन्दी बनाइँदा तानाशाही मनसुवाका राजा महेन्द्रलाई खुसी र सन्तोष त जाग्यो होला । तर, बीपी र नेपालको लोकतान्त्रिक आन्दोलनले नयाँ उचाइ पायो । अन्तर्राष्ट्रिय पहिचान पायो । बीपीले नेपाली साहित्यका गहकिला मार्गदर्शक कृति पनि यहीँ सिर्जना गर्नुभयो । लेख्नुभयो । विचारलाई बन्दी बनाउन नसकिने ज्ञान राजा महेन्द्रलाई पनि जीवनको उत्तरार्धमा भयो कि ? ***-बाह्रखरी डटकम***

## महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०८९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल १९५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : क्षमता प्रदर्शन गर्ने क्रममा पदोन्नतिको ढोका खोलिनेछ । | **तुला** : अभिभावकको सुझावले उचाइमा पुर्‍याउन सहयोग गर्नेछ । |
| **वृष** : आज धार्मिक यात्राको योग छ । आतिथ्यपूर्ण सम्मान पाइएला । | **वृश्चिक** : सद्विचारले अभिप्रेरित हुनेहरूलाई विस्तारै लाभ हुनेछ । |
| **मिथुन** : आज कार्यमा अवरोधका र स्वास्थ्यमा पनि प्रतिकूलता रहने देखिन्छ । | **धनु** : नजिकको व्यक्तिबाट धोका मिल्नसक्छ सचेत रहनुहोला । |
| **कर्कट** : आज लक्ष्मी प्रसन्न हुने योग छ । महत्वपूर्ण कामको थालनी हुनेछ । | **मकर** : सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। नयाँ काम सुरु गर्ने समय छ । |
| **सिंह** : आज धार्मिक कार्य सफल रहनेछ। नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । | **कुम्भ** : बौद्धिक काममा सफलता मिल्नेछ। प्रेम सम्बन्ध पनि कसिलो होला। |
| **कन्या** : प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ । | **मीन** : शुभकार्यको चर्चा चल्नेछ । काम देखाएर अरुको मन लोभ्याउन सकिनेछ । |

# साहित्य दर्पण

निबन्ध — योगेन्द्र उपाध्याय 'पुष्प'

## के म भन्दा जान्ने, सुन्ने कोहि होला त ?

कहिलेकाँही मनमा आउने सवालहरुले मस्तिष्कलाई विचलित गराउँछन् । विचलित गराउने प्रत्येक प्रश्नहरु महत्वपूर्ण पनि हुँदैनन् तर महत्वपूर्ण नठानिएका प्रश्नहरु नै हुन् जसले विचलनको स्थितीसम्म जो कोहिलाई पनि पुर्याउने क्षमता राख्दछन् । महत्वपूर्ण ठानिएका प्रश्नहरु उत्तरसमेतका हुन्छन् । या भनौं महत्वपूर्ण रहेका विषयवस्तुहरुमाथिको गरिएका प्रश्नले नै मानिसलाई भौतिक विकास गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गर्यो जस्तै यो जंगलमा रहेको बिरुवा घर आफू बस्ने ओढार नजिकैको स्थानमा गएर रोप्दा के होला ? भन्ने प्रश्नले कृषिक्रान्तिको सुरुवात भयो भने केट्लीको ढक्कन बाफले कसरी उचाल्न सक्यो होला ? भन्ने प्रश्नले अठारौं शताब्दीमा औद्योगिक क्रान्तिको सुरुवात गर्यो । चरा कसरी उड्यो ? पानी किन पर्छ? स्याउ कसरी खस्यो ? मानिस बिरामी कसरी पर्छ ? जस्ता थुप्रै महत्वपूर्ण प्रश्नहरुको योगदान हामीले कहिल्यै बिर्सन हुँदैन जसले मानवलाई भौतिकीको क्षेत्रमा नयाँ उचाई एवं जिवनमा नयाँ आयाम प्रदान गर्न आफूलाई समर्पित गर्यो । अब प्रश्नहरु शायद बाँकी नभएर होला या बाँकी रहेका प्रश्नहरु मेरो क्षमता/विद्वता/ व्यवहार/अनुभवभन्दा बाहिरको पनि भएर होला, काम लाग्ने प्रश्नहरु सकिएपश्चात् मनमा एकमात्र प्रश्न बाँकि रहँदो रहेछ के म भन्दा जान्ने, सुन्ने कोहि होला त ?

रुचि धेरै भएतापनि आफू विज्ञानको विद्यार्थी परिएन, नेपाली परियो त्यो पनि एजुकेशनवाला, नेपाली एजुकेशन हुनुको पीडा मलाई मात्र थाहा छ । विदेशबाट आएपश्चात थोरै धन र ठूलो मनको साथमा जाँगर चल्यो विवाह गर्ने, बुवाको कुण्डलीको कहरबाट बचेका स्त्रीहरुमात्र मेरा लागि विवाह गर्न योग्यता प्राप्त गर्न सफल हुने हुनाले मनले खाएकाहरु पाउने आशा निकै कम थियो । कुण्डलीमा पास भएका ५-६ जनाको इन्टरभ्यू लिईयो/दिईयो तर आफू होचो, मझौनी गाउँ, बैदेशिक रोजगारबाट फर्केको बेरोजगार आदिका कारणले कुरा मिलिरहेको थिएन । इन्टरभ्यूकै क्रममा एक ठाउँमा मामाको साथमा पुगियो । उनी रहिछन् अंग्रेजी एजुकेशन, आँट र जाँगरको अभाव भयो अंग्रेजी सुन्ने बित्तिकै किनकी उनले अंग्रेजीमा इन्टरभ्यू लिन थालिन् भने संस्कृत र नेपालीका श्लोक हानेर पनि त भएन । तर स्पिकिङ्ग अंग्रेजी राम्रो थियो मेरो २ वर्ष अमेरिकन र ब्रिटिसहरुको साथमा काम गरेर आएको थिएँ, मात्र थिएन सर्टिफिकेट, उनको अंग्रेजीको प्रज्ञानतालाई मेरो हेलो, हाए, एस.एस. र बाई बाट जितिदिन्छु भन्ने लाग्यो अनि मामाले दिएको "भाञ्जा मैले मिलाउँछु" भन्ने हौसला पनि छँदै थियो साथमा । गईयो उनको घरमा मामाको यामाहा लिबेरो बाइक चढेर गर्मी नै भएपनि कोट भने छोड्नै मन लागेन भनिन्छ नि - फर्स्ट इम्प्रेशन इज द लाष्ट इम्प्रेशन । उनको घरको बराम्दामा रहेको २ थान स्टुल, १ थान बेन्ची र १ थान प्लास्टिकको कुर्सीमाथि राखिएको कुशनले मलाई मनमनै लाग्यो कुशनवाला मेरै लागि होला प्रमुख अतिथी त म नै हो नी आजको कार्यक्रमको । बसें कुशनमा कुसन पनि बिझाउन थाल्यो बसेको केही क्षणमै जब भित्रबाट आएको मधुरो आवाज मेरो कानमा पर्यो -गर्दिन म बिहे नेपाली पढेकोसँग । अरु स्थानमा झैं चियाको प्रतीक्षा थियो मलाई हेरुँ न त कस्ती रहिछन्, आशा विपरीत उनकी आमाले चिया ल्याइदिनुभयो । त्यती तीतो चिया मैले आजसम्म खाएको छैन यद्यपी त्यो चियामा चिनीको मात्रा बढी थियो । इन्टरभ्यूको लागि गरिएको तयारी पनि बेकम्मा सावित भयो । पहिलो पटक त्यही समयमा लागेको थियो म भन्दा जान्ने सुन्ने पनि कोही रहेछ यो संसारमा ! घटना माने सानै हो तर त्यस समयमा मेरो मनमा एउटा वस्तुको कमी थियो स्वीकार्यता, आज सोंच्छु उनको पनि त अधिकार हो, सम्मान गर्छु उनीप्रति, उनले बाबुआमाको अघि बली दिइनन् आृनो इच्छाको ।

भौतिक विज्ञान २ भागमा विभाजित छ, पहिलो पुरातनवादी फिजिक्स (Classical Physics) र आधुनिक विज्ञान (Quantum Physics) । क्लासिकल फिजिक्सका प्रणेता अल्बर्ट आइन्सटाइनको थ्योरी अफ रिलेटिभिटि सबैभन्दा महत्वपूर्ण मानिन्छ यद्यपि क्लासिकल फिजिक्सको विकास एवं प्रवर्द्धनमा आइन्स्टाइन भन्दा पूर्ववर्ती भौतिक वैज्ञानिकहरुको योगदानलाई पनि कम आँक्न भने हुँदैन । भौतिक विज्ञानको क्लासिकल विज्ञानमा रिलेटिभिटि जस्तै आधुनिक विज्ञानमा क्वान्टम थ्योरी नवीनतम र महत्वपूर्ण अवधारणा हो । क्वान्टम फिजिक्सले अध्ययन गर्ने धेरै विषयवस्तुहरु जस्तै क्वान्टम मेकानिक्स, स्ट्रिङ्ग थ्योरी, थ्योरी अफ रियालिटी आदिमध्ये मलाई स्ट्रिङ्ग थ्योरी र थ्योरी अफ रियालिटिको अवधारणाले निकै चकित बनाउँछ मलाई । रियालिटिका सम्बन्धमा हाम्रा पूर्वीय दर्शनहरुमा पनि प्रसस्त शोधहरु भएका छन् तर स्रोत सामग्रीहरुको अभाव तथा पाश्चात्य विज्ञानप्रति हामीहरुको आकर्षणले तिनलाई ओझेल बनाउँदै गयो जस्तै-संसार एक माया मात्र हो । रियालिटीको कन्सेप्ट पनि त्यही नै हो । रियालिटि या भनौं सत्यता सधैं मेरो सापेक्ष हुने गर्दछ । मेरो मात्र होइन तपाईंको सत्यता तपाईंको सापेक्ष हुन्छ । हुन सक्छ म तपाईंको मस्तिष्कको मात्र उपज हुँ । तपाईंले देखेका/ भोगेका/ सोंचेका/भविष्यमा सोंच्नका लागि मस्तिष्कमा थिग्रिएका सबै वस्तुहरु तपाईंको मस्तिस्कमा मात्र छन् । तपाईंले आृनो सुविधाका हिसाबले मेरो रचना गर्नुभयो र तपाईंपश्चात म पनि रहँदिन । कुनै पनि स्थानमा द्रष्टा छैन भनी दृष्टिहरुपनि रहँदैनन् । म तपाईंबाट ओझेल भएँ भने वास्तवमै म छु वा छैन भन्ने विषय तपाईंले यकीनका साथ भन्न सक्नुहुन्न । यस अवधारणा अनुसार आफूले सुनेको, देखेको, भोगेको बाहेक यस संसारमा, ब्रम्हाण्डमा घट्ने र घटिरहेका सबै घटनाहरु हाम्रा लागि असत्य हुन् । असत्य भन्दा पनि अझ ती वस्तु र घटनाको अस्तित्व नै हुँदैन । जब तपाईं कुनै माध्यमबाट कुनै घटना थाहा पाउनुहुन्छ बल्ल तिनीहरु सत्यतामा परिणत हुन पुग्दछन् । यस अर्थमा हामी सबैको सत्य फरक फरक हुन सक्तछ । यसै अर्थमा मेरो मस्तिष्कको उपज न हो सबथोक, के मेरो मस्तिष्कको एउटा उपज मात्र रहनुभएको तपाईं म भन्दा जान्ने सुन्ने हुनुहुन्छ होला त ?

मसँग राजनारायण मा.वि. गेरमीमा अध्यापन गराउँदाका निकै मीठा अनुभवहरु छन् । त्यहाँ पढाएका विद्यार्थीहरु जस्ता मीठा व्यक्तिहरु मैले शायदै कहिल्यै भेटें र शायदै कहिल्यै भेट्नेछु । एकजना सर हुनुहुन्थ्यो जिउत दास उहाँले भनेको एउटा प्रसङ्ग मलाई हमेशा याद आउँछ अंग्रेजीमा एउटा उखान छ र यो सिद्धान्त पनि हो र गर्नुपनि पर्छ जीवनमा "हेल्प देम हु आर हेल्पलेस" तर नि योगेन्द्र सर तपाईंले सहयोग गरेको व्यक्ति यदि तपाईंभन्दा कमजोर स्थितिमा छ र कमजोर स्थितीमै रहिरह्यो भने उ तपाईंप्रति सधैं अनुग्रहित रहिरहन्छ तर त्यहि व्यक्ति जसलाई आज तपाईंले कमजोर स्थितिमा रहेको समयमा सहयोग गर्नुभयो र भोलि उ सम्पन्न भयो भने सबैभन्दा पहिला तपाईंको अगाडि नै सबैभन्दा पहिला सम्पन्नता प्रस्तुत गर्दछ जीवनलाई पल्टाएर हेर्नुस् तपाईंले पनि कुनै न कुनै समयमा आफूले सहयोग पाएकोसँग सम्पन्नता प्रस्तुत गरेको हुन सक्छ या आफूले सहयोग गरेकोबाट सम्पन्नताको बखान सुनेको हुन सक्छ । त्यो सम्पन्नताको प्रस्तुती जुनसुकै प्रकारको हुन सक्तछ जुनसुकै रुपमा हुन सक्तछ आश्था, अर्थ, मन या वचन । यो मैले पनि गरिरहेको हुन सक्तछु र तपाईंले पनि । अंग्रेजी साहित्य र संस्कारमा बटरफ्लाई इफेक्टले निकै महत्वका साथ हेरिन्छ । विश्वाश गरिन्छ कुनै एक स्थानमा उडेको पुतलीको पंखबाट चलायमान भएको हावाले एक अर्का हावाका अणुहरुसँग ठोक्किएर बनेको चेन रियाक्सनले कुनै अर्को ठाउँमा ठूलो हुरीको संयोग गराइरहेको हुन्छ । परमाणु बमको सिद्धान्त पनि यस्तै हुन्छ युरेनियमको अणुहरुको बाहिरी अर्बिटमा २ वटा इलेक्ट्रोन हुने र बाहिरी अर्बिटमा ८ वटा इलेक्ट्रोन भए मात्र युरेनियमको अणु स्थिर अवस्थामा पुग्ने हुनाले उसले वातावरणमा हुने अक्सिजन, कार्बनडाइअक्साइड लगायतका ग्याँसका बाहिरी अर्बिटबाट ६ वटा इलेक्ट्रोन लिएर आफू पूर्ण हुन चाहन्छ र यसबाट हुने चेन रियाक्सनले ठूलो विस्फोटको अवस्था सिर्जना गर्दछ । यसको मतलब वर्तमानमा घट्ने र सिर्जना हुने साना घटनाले पनि कालान्तरमा ठूला प्रभावहरु पारिरहेका हुन्छन् । आगोको एउटा सानो फिलिङ्गोले विश्वलाई जलाउने क्षमता राख्तछ । यद्यपी हुन सक्छ त्यो सानो फिलिङ्गो निकाल्न गरिएका प्रयासहरु असीमित होउन् तर विश्वले आगो देख्दछ, फिलोङ्गो होइन । यस अर्थमा विश्वले देख्ने आगो जस्तो म तपाईंको सानो फिलिङ्गोले उत्पन्न भएको होउँला त ? भ्रम होस् या यथार्थ भ्रम भए पनि आनन्ददायक यथार्थ भए पनि संतोषप्रदायक एउटै मात्र विचार "के म भन्दा जान्ने सुन्ने कोही होला त ?''

-समकालीन साहित्य डटकम

## सूचना ! सूचना !! सूचना !!!

यस तानसेन खानेपानी उपभोक्ता समितिको निम्न मिति, समय तथा स्थानमा हुन गैरहेको विशेष साधारण सभामा उपस्थितीको लागि सादर-निमन्त्रणा गर्दछौं ।

कार्यक्रम :

**मिति :** २०८० भाद्र ३० गते शनिबार
**समय :** विहान ११:०० बजे
**स्थान :** तानसेन नगरपालिकाको हल
**प्रस्ताव :** विधान शंसोधन तथा जानकारी सम्बन्धमा ।

**अनुरोधक**
**मोहन प्रसाद श्रेष्ठ**
**अध्यक्ष**
**तदर्थ समिति एवं**
**तानसेन खानेपानी उपभोक्ता समिति परिवार**
सम्पर्क नं. : ०७५-५२२०८७

कथा — कमला अधिकारी

## सेतो फरियाले बाँधेर नराख



म बाट उनले आत्मबल पाएनन् । न समयमा खान पाए । त्यही भएर आज यो हविगत भयो । अब मेरो जिन्दगी सेतो फरियामै बित्ने भो, निका डाँको छाड्दै सुसेलिरहेको नदीमा रोदनलाई मिसाइरहेकी थिइन् । सबै मलामीहरू मानको लाशलाई ओल्टाइपल्टाइ गर्दै अस्तु बनाउनै आँटेका थिए । सूर्यले अमिलो मन बनाएर आगोलाई हेरिरहेको थियो । निका आफ्नो चर्को आवाज निकाल्दै बेसुरमा बोल्छिन्,'हे पापी मलाई किन एक्लै छाड्यौ ?'


चौध वर्षमा मानुसँग विवाह गरेर कर्मघर आएकी थिइन् निका । आफू जेठी बुहारी, घरमा सासुआमा सँगै बस्ने गर्नुहुन्थ्यो । एकदिन बिहान चार बजे उठेर डालीभरि ठेला पारिएको मकै लिएर गुरुङ्सेनी फुपूको घर मकैको आँटो बनाउन जान्छिन् । खरको छानो गेरुले पोतिएको पिँढी र डिल अनि डिलको छेउमा फुलेका लाहुरे फूलले फुपूको घर निकै आकर्षक देखिन्थ्यो । खाली मसीको सिसामा कटनको तुना बनाएर मट्टितेल राखी डुबाएको ढ्याब्री टिलपिल गर्दै बलिरहेको थियो । भित्रबाट फुपूले भन्छिन्,'निका दुःख पनि कति गर्छेस् ? भाग्य पनि कस्तो रहेछ तेरो त ? जुन भन्ने श्रीमान् नै दानव जस्तो छ । घरमा भएका बलिया बाङ्गालाई जाँतो रिंगाउन पठा, त्यो खिएको शरीर लिएर यो दुई धार्नीको जाँतो कसरी रिंगाउछेस् ? भगवान्ले पनि कस्ता कस्ता मान्छेलाई जन्म दिन्छन् । अचम्म ! लाग्छ मलाई त ?' 'होइन फुपू उहाँ पनि निकै थाक्नु भाएछ । हिजो कर्मी काम गरेर राती आउँनु भाथ्यो । यति त म सकाई हाल्छु नि ! फेरि छोराछोरी उठिसके कि ?' निका आफूले दलेको आँटो डालीमा उठाएर घर जान्छिन् । तीन छोरीपछि जन्माएको छोरा निल बिस्ताराबाट उठेर बाहिर आँगनमा भैंसीलाई कुँडो पकाउँदा बनेको अँगेनाको खरानी खेलाएर बसिरहेको थियो आँगनभरि खरानी छिरलेर दाई गरिरहेको थियो । निकाले उसको जीउमा लागेको खरानी हातले टक्टकाएर निललाई पछ्यौरीको सप्कोले पछाडि पिठ्युमा बोक्छिन् । सुपोमा राखेर आँटो छिन्कदै पीठो एकातिर अनि आँटो अर्कोतिर राख्छिन् । सासूले नित्यकर्म सकाएर धोतीको सप्को मिलाउँदै भित्र आँटो ओडाल्न थाल्छिन् । साना भुराभुरीहरुले हजुरआमाको वरिपरि थाल लिएर बसिरहेका थिए । मानुले मोही पारेर नौंनीघ्यू आरीमा राख्दै थियो । आमाले निकालाई बोलाउँछिन्,'दुलही ल तीतेकरेलामा आज पारेको मोही राखेर कडी बनाऊ । अनि सुन त, आज औंशी हो लसुन नराख्नू ।' 'हस् आमा ! निका भोटे कराईमा कालो तोरीको तेल राखेर जीरे खुर्सानी फुराउँछिन् । त्यसमाथि तीते करेली भुटेर मोहीको कडी बनाउँछिन् । 'होइन गाउँ नै बसाउने गरी के पकाउँदै छौ निका ?' पल्लो घरकी मेनुका दिदी निकाको घरमा आउँछिन् । अनि सुन त निका, हाम्रो घरमा तिम्रो एक पर्म बेच्नुपर्यो । पारि खरबारीको खर स्याहार्नु थियो । तिमीलाई पैसा पनि हुने ।' निका खुसी हुँदै आफ्नो पर्म मेनुकालाई बेच्छिन् । पर्ममा झण्डै दश जनाको समूह थियो । पर्मेहरु निकै रमाइलोसँग काम गर्दै थिए । कोही पात बजाउँदै थिए । कोही सुसेल्दै थिए । कोही आफ्नै तालमा गुनगुनाउँदै काम गरिरहेका भेटिन्थे । बेलुका घर फर्कँदै गर्दा सानो गोरेटोमा काफ्रोको पातबाट चिप्लिएर निका भीरबाट खस्छे । सबैको रुवाबासीले गाउँलेहरु घटनास्थलमा आउँछन् । डोली बनाएर निकालाई हतार-हतार अस्पताल पुर्याइन्छ । शरीरमा रगतको कमी भएकाले अस्पतालले तुरुन्त रगतको बन्दोबस्त गर्न भन्छ । निल पैसाको जोहो गरेर हतारमा अस्पताल पुग्छ । उसले बेडमा लडिरहेकी आफ्नी वृद्ध आमालाई देख्छ । त्यो सेतो फरियामा धुलैधुलो लागेको, नीलो ओठ । तैपनि बुहारी बचाउँनलाई त्यो बुढेसकालमा पनि आफैं रित्तिएर रगत दिइरहेकी । निलले आफूलाई थाम्न सक्दैन । उसलाई भक्कानो छाडेर अनि मन फुकाएर रुन थालेको थियो तर पुरुषत्वले दिएन । बल गरेरै भए पनि उसले आँसुलाई बाहिर आउन दिएन । किनकि आमाको आत्मबल घट्ला भन्ने चिन्ताले उसलाई पिरोलेको थियो । निकाको स्वास्थ्यमा केही सुधार आयो । उसका हातहरु चल्मलाउन थाले ।

आँखाका पर्दाहरु उघारिए । अनि ती सुकेका ओठहरु बिस्तारै रसाउन थाले ।'बाबु ! बाबु !' उसको मुखबाट त्यही सानो छोरालाई गुहारेको सुनिन्थ्यो । भाकल गरेर पाएको छोरो, त्यो पनि तीन छोरीपछि निकै प्यारो थियो सबैको । हजुरआमाको मुटु नै थियो ऊ । छोरो नपाए अर्को बिहे गर्छु भन्दै बरालिएको निल पनि छोरो जन्मिएपछि घरमै थन्किएको थियो । निकाको मनोरोगको औषधी बनेको थियो उसको छोरो । निकामाथि हात उठाउने दुस्साहस गर्ने निलको व्यवहार पनि परिवर्तन भएको थियो त्यही छोराको जन्मपछि । निकालाई आफ्नो काखमा राख्दै पहिलो पटक प्रेमले निललाई सुम्सुमाएको थियो । अस्पतालको शैय्यामा मरेतुल्य अवस्थामा आफ्नी श्रीमतीलाई देख्दा पृथ्वी उल्टो भएको महसुस गरेको थियो उसले । आफूले निकामाथि गरेका ती यावत् व्यवहारहरुलाई स्मरण गर्दै लाचार र लज्जित बनेको थियो । समय आफ्नै गतिमा चलिरहेको थियो । निकाको छोरा सूर्य प्रकृतिसँगै आफ्नो विकास र परिपक्वतालाई बलियो बनाउँदै थियो । ऊ गाउँको पढाइ सकेर काठमाडौं पढ्न जान्छ । घरमा आर्थिक अवस्था कमजोर भएको हुँदा एउटा स्टेसनरीमा काम गर्दै आफ्नो पढाइलाई अगाडि बढाउँछ । कलेजका साथीहरुले 'पढेर नेपालमा के नै हुन्छ र ? साथी अब अष्ट्रेलिया जाने तयारी गर्नुपछ' भनी सल्लाह दिन्छन् । अष्ट्रेलियामा बस्दै गरेकी उसकी साथीसँग पेपर म्यारिज गरेर सूर्य पनि विदेशतिर लाग्छ । उतै घरजम गरेर झण्डै आठ वर्षपछि घर फर्कन्छ । घरमा आउँदा ढोका लगाएको थियो । पिँढीभरि मुसाले माटो थुपारेको । आँगनमा कुच्चिएको गिल्टेको गाग्री लडिरहेको । यस्तो परिदृष्यले सूर्यलाई ननिको लाग्छ । सूर्यले छिमेकी कान्छी आमासँग सोध्छ 'कान्छी आँवै ! हाम्रो घर कोही हुनुहुन्न ? आमा कता जानुभएछ ? अलि अस्ति मात्रै हजुरकोमा फोन गरेर आमासँग बोल्याथैं तर घरको चाला हेर्दा त वर्षौंदेखि कोही नभए जस्तो देखिन्छ । किन होइछ कान्छी आँवै ? कान्छी आमा बोल्नै सक्दिनन् । एकछिन पछि भन्छिन्,'हेर बाबु, दुःख नमानेस् । तँ गाको केही महिनामा हजुरआमा बित्नुभो । आमा बितेलगत्तै तेरो बुवा नि ओछ्यान पर्नुभो । तँलाई खबर पठाम्न तेरै बुवाले रोक्नु भा हो । भर्खरै विदेशाँ गाको छोरो । फर्केर आएर याँ के अर्छ त्यस्ले । अहिलेको जमानाँ नि म जस्तो भरिया बनेर कसरी जीवन कटाम्नी हो र ! तेरै चिन्ता गरिरहनुथ्यो । पछि निमुनिया भएर थलिनु भो । निका दिदी मेलापाताँ धाउँदै ठिक्क । त्यो नअरि फेरि कसरी गर्जो टार्नी ? एकजना मान्छे जताततै कसरी भ्याउनी हो र ? त्यस्तो भएसि बिरामीले राम्रोसँग स्याहार पाउनी कुरै भएन । खै एक महिना जति भयो कि कुन्नी ! तेरी कान्छी दिदीले आफ्नै घरमा लगेर राखेकी छे ।'

सूर्यको मनमा ज्वारभाटा उठ्न थाल्यो । उसले कमाएको पैसा र पाएको शिक्षा बेअर्थ लाग्छ उसलाई । ऊ कान्छी दिदीकोमा पुग्छ । कहिल्यै कसैलाई फोन नगर्ने उसको बानी । दिदीहरुले फोन गर्दा जहिलेसुकै बिजी छु भनेर फोन काट्थ्यो । दिदीले छातीमा बिरामी बुवालाई राखेर एउटा चम्चाले सुप खुवाउँदै थिई । आमा एकातिर टोलाएर बसेकी थिइन् । तीन छोरीपछि भाकल गरेर पाएको छोरो आफूबाट धेरै टाढा थियो । सूर्य आमाको खुट्टा छोएर दर्शन गर्छ । बुवाको अनुहारमा छुट्टै उज्यालो छाउँछ । दिदी बरर्र आँसु खसाल्दै भान्सातिर पस्छे । सूर्यको आगमन बुवाको लागि धेरै बेरको खुसी भएर रहन सकेन । उनलाई अस्पताल पुर्याइन्छ । तर अस्पतालले मृत्यु भइसकेको जानकारी गराउँछ । आफ्नो बुवाको सद्गत गर्दागर्दै आफ्नी आमाको अनुहारमा हेर्छ । कुनै रङ नभएको सादा अनुहार अनि उनलाई बेरिएको त्यो सेतो फरिया । अनि सुकेको स्वरमा रुँदै थिइन् ।'मलाई पनि लैजाऊ पापी यो सेतो फरियाले बाँधेर नराख ।'

-साहित्य पोस्ट डटकम


## सन्तोष चलचित्र मन्दिरमा...





सन्तोष चलचित्र मन्दिर तानसेनमा भदौ २९ गतेदेखि भव्यताका साथ दैनिक ३ शो प्रदर्शन हुनगइरहेको छ नेपाली चलचित्र **'नाङ्गो गाउँ'** ।

*पहिलो शो : ११:१५ बजे, दोस्रो शो : २:१५ बजे र तेस्रो सो साँझ ५:१५ बजे*

*(नयाँ डल्बी डिजिटल साउण्ड, न्यू प्रोजेक्टर र लक्जरी सिटमा)*

# ‘तिजलाई सद्भाव र संस्कृति जगेर्नाका रुपमा मनाऔं’



बुटवल, भाद्र २९/नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठले तिज पर्वलाई सामाजिक सद्भाव र संस्कृति जगेर्नाका रुपमा मनाउनुपर्ने बताएका छन् । नेपाली काँग्रेस पाल्पा-रुपन्देही सम्पर्क समितिले बुटवलमा आयोजना गरेको भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै उनले तिज पर्वलाई सामाजिक सद्भाव र संस्कृति जगेर्नाका रुपमा मनाउनुपर्ने बताएका हुन् ।

धार्मिक सहिष्णुता, धार्मिक एकता बलवान भएको र धार्मिक द्वन्द्व क्रियाकलापहरुको मूल्य मंहगो परेको भन्दै उनले धार्मिक एकतासहित सद्भाव र संस्कृतिको जगेर्ना कायम राख्ने गरी हरितालिका तिज पर्व मनाउन सबैलाई आग्रह गरे । सभापति श्रेष्ठले परिवर्तनशिल परिस्थिति र समयलाई व्यवस्थित बनाउँदै आर्थिक मितव्ययिता सहितको सामाजिक सद्भावपुर्ण राजनैतिक अभ्यास हुनुपर्ने समेत बताए । उनले भने ‘आर्थिक मितव्ययीता बिनाको समाज सेवा र राजनैतिक अभ्यास अल्पकालिन र तनावपूर्ण हुने भएकाले श्रम तथा रोजगारलाई उच्च प्राथमिकता राख्नुपर्छ ।’ आफ्नो वर्तमान राजनैतिक ध्येय, लक्ष्य र उद्देश्य संगठन मात्रै भएको सभापति श्रेष्ठले बताए । उनले विपिको समाजवाद, किसुनजीको कुटनीति र गिरिजाबाबुको गतिशिलतालाई मनन् गरि अघि बढ्न सकेमा काँग्रेसको गर्विलो इतिहास अझ सशक्त भइ समाजवादको साझा छाहारी बन्ने कुरामा दुई मत नरहेको बताए ।

कार्यक्रममा नेपाली काँग्रेस पाल्पाका जिल्ला सदस्य माधव थापा, विष्णुप्रसाद पाण्डे, सल्लाहकार राम श्रेष्ठ, नेपाली काँग्रेस तिनाउ गाउँपालिका सभापति प्रेमप्रसाद पाण्डे, नेपाल प्रेस युनियन रुपन्देहीका अध्यक्ष कविन्द्र नेपाल, प्रदेश प्रतिनिधि सिद्दार्थ श्रेष्ठ, नेविसंघ रुपन्देहीका सभापति सम्शेर खड्का, विद्यार्थी नेताहरु सुमन गुरुङ, श्रीधर बस्याल, बिपिन्द्र पाण्डे लगायतले आ-आफ्नो धारणा राखेका थिए । सम्पर्क समितिका अध्यक्ष सुरेश पौडेलको अध्यक्षता, प्रदेश प्रतिनिधि किशोर पंगेनीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# विदेशबाट फर्किएर...

...उनले स्थानीय खरी जातका बाखा, जमुनापारी क्रस, बोयर क्रस र सानन् क्रस बाखा पाल्दै आएका छन् । फार्ममा अहिले साना ठूला करिब ७० वटा बाखा रहेका छन् । यहाँ उत्पादित बाखा स्थानीय बजारमा खपत हुँदै आएका छन् । कृषक खनालको व्यवसायबाट हाल १० जनाको परिवार पालिँदै आएको छ । ‘घरमा राजगारको गतिलो माध्यम छैन त्यसैले परिवारका सबै जना यही बाखापालन व्यवसायमा आश्रित हुनुपरेको छ’, उनले भने, ‘वार्षिकरुपमा तीन/चार लाख आम्दानी हुन्छ यसैबाट परिवारको गर्जो टरेको छ ।’ उनले हालसम्म जिल्ला भेटिनरीबाट खोर सुधार कार्यक्रम अन्तर्गत एक लाख र वालिङ नगरपालिका र युएनडिपीको संयुक्त पहलमा कोभिड-१९ प्रतिकार्य परियोजना अन्तर्गत ५० हजार अनुदान पाएका छन् ।

कृषक खनालसँग स्टिल फिडिङ र एक आधुनिक खोर छ । उनले सुपरनेपियर, जैयाँ घाँस, मेन्डुला, राई खनियो, कोइरालोलगायतका घाँस पनि लगाएका छन् । खनालले व्यवसायबाट आफूलाई सन्तुष्टि मिले पनि पहुँचका आधारमा अनुदान वितरण हुँदा दु:ख लाग्ने गरेको बताए । ‘बन्द कोठामा कागज मिलाएर अनुदान खाने प्रचलनलाई निरुत्साहित गर्नुपर्छ’, उनले भने, ‘अनुदान र सुलभ दरको कर्जा वितरण गर्दा किसानको फार्ममै पुगेर अवलोकन गर्नुपर्छ, वास्तविक किसान हो भने मात्र राज्यले दिएका सुविधा दिनुपर्छ ।’ उनले पशुपन्छीको नि:शुल्क बीमा हुनुपर्ने र किसानले दावी गरेको बीमा रकमसमेत सहज तरिकाले नपाउने गरेको दुखेसो पोखे । उनलाई ३० वर्षीया श्रीमती चुना, ३२ वर्षीय भाइ खिनप्रसाद, ७६ वर्षीया आमा धनकुमारीले व्यवसायमा सहयोग गर्दै आएका छन् । उनले घाँस,बीउबिजन, उपचार, हेरचाह लगायतका तालिमको व्यवस्था गरिदिन सरकारसँग आग्रह गरे । खनालले आफ्नो फार्मलाई अध्यन अवलोकनको थलो बनाउने उद्देश्यसहित काम अगाडि बढाएको दाबी गरे । *-रासस*


## बाढीपहिरोबाट जोगिऔं

***जथाभावी सडक निर्माण र वन विनाशले बाढीपहिरो निम्त्याउने हुँदा :***

- वृक्षरोपण गरौँ, वनजंगल जोगाऔँ, बाढीपहिरो नियन्त्रण गरौं ।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भू-क्षय रोक्ने खालका विरुवा रोपौं र संरक्षण गरौं ।
- बस्ती तथा समुदायको रक्षा गरौं ।
- बाढी आएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।

***बाढीपहिरोबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं ।***




नेपाल सरकार
## विज्ञापन बोर्ड


**खेलकुद समाचार**

## एसियाली खेलकुदका लागि पुरुष टोलीको घोषणा




**काठमाडौं,** भदौ २९/नेपाल क्रिकेट संघ (क्यान) ले चीनको हाङ्झाओमा आयोजना हुने एसियाली खेलकुद प्रतियोगिता (एसियाड) का लागि नेपाली टोलीको घोषणा गरेको छ । एसियाली खेलकुदको १९ औं संस्करण असोज ६ गतेदेखि २१ गतेसम्म आयोजना हुँदैछ ।

प्रतियोगिताका लागि शुक्रबार क्यानले रोहित पौडेलको कप्तानीमा १५ सदस्यीय पुरुष क्रिकेट टोलीको घोषणा गरेको हो । घोषित टोलीमा करण केसी, प्रतिस जीसी, आसिफ शेख (विकेटकिपर), कुशल मल्ल र गुलसन झा रहेका छन् । यसैगरी क्यानले सोमपाल कामी, सन्दीप जोरा, विनोद भण्डारी, कुशल भुर्तेल, दीपेन्द्रसिंह ऐरी, ललित राजवंशी, विवेककुमार यादव, अविनाष बोहरा र सन्दीप लामिछानेलाई पनि एसियाली खेलकुदका लागि घोषित टोलीमा समावेश गरेको छ ।

विश्वका ४५ देशको सहभागिता रहने एसियाली खेलकुद प्रतियोगितामा नेपालको तर्फबाट २९ खेलमा एक सय २७ महिला र एक सय २६ पुरूष गरी कुल दुई सय ५३ जना खेलाडीले प्रतिस्पर्धा गर्ने तय भएको छ ।


## वर्गिकृत डिस्प्ले

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


**कर्पोरेट/अर्थ समाचार**

## दशैं-तिहारको बहार, यामाहाले ल्यायो उपहारै उपहार




**पाल्पा,** भदौ २९/यामाहा मोटरसाईकल तथा स्कुटरको पाल्पाको लागि आधिकारिक विक्रेता ज्ञानेन्द्र अटो वर्क्सले दशैं-तिहार र छड पर्वको अवसरमा नयाँ तथा आकर्षक योजना ल्याएको छ । वर्क्सले आफ्ना ग्रहकहरुलाई लक्षित गरी चाडपर्व लक्षित उपहारै उपहारको योजना ल्याएको हो ।

योजना अनुसार यामाहा मोटरसाइकल वा स्कुटर खरिद गर्दा नगद, यामाहा ब्राण्डको ज्याकेटमा आइफोन १४ लिएर जापान घुम्न जान सकिने छ । यस्तै तत्कालै स्योर सट उपहारमा ६ हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म नगद छुट प्राप्त गर्न सक्ने जनाइएको छरु। जहाँ मोटरसाइकल खरिदमा आठ हजारदेखि एक लाखसम्म र स्कुटर खरिदमा छ हजारदेखि एक लाखसम्म नगद जित्न सकिने कम्पनीले जनाएको छ । त्यस्तै, लक्की ड्रमा हरेक दिन यामाहा ब्राण्डको ज्याकेट, हरेक हप्ता एकजनाले आइफोन १४ र प्रत्येक महिना एक जना भाग्यशाली ग्राहकले बम्पर उपहार स्वरुप जापान भ्रमण जाने सक्ने कम्पनीले जनाएको छ । यो योजना यामाहा बाइक तथा स्कुटरको खरिदमा लागू गरिएको वर्क्सका सेल्स म्यानेजर विवेककाजी शाक्यले बताए । उनले भने, ‘हामी सधैं उपभोक्ताका लागि उत्साहजनक योजना तथा सेवाहरू उपलब्ध गराउन तत्पर रहन्छौं । यसै सन्दर्भमा यसपटक वर्तमान सन्दर्भकै सबैभन्दा राम्रो उपहार योजना हामीले उपभोक्तासमक्ष पेस गरेका छौं ।’ योजनाबाट उपभोक्ता लाभान्वित हुने विश्वास लिएको शाक्यले बताए । वर्क्सले योजनामा नगद उपहारसँगै आफ्ना ग्राकहरुका लागि विशेष सहुलियत समेत ल्याएको छ । उसले आफ्ना ग्राहकहरुका लागि फाइनान्स र एक्सेन्जको सुविधा ल्याएको पनि जनाएको छ । कुनै पनि कम्पनीको पुराना मोटरसाइकल वा स्कुटर लिएर आएमा यामाहाको नयाँ मोटरसाइकल तथा स्कुटर लैजान सक्ने व्यवस्था समेत वर्क्सले मिलाएको छ ।


मनको आवाज............

‘नाम पनि यूनिक, काम पनि यूनिक’

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई